राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३३७ | २०८३ भाद्र ३ गते बुधवार | (Wednesday, 19 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# कमजोर संयन्त्रसामु हौसिँदै ट्रान्सफर्मर चोर, चर्को दबाबमा प्राधिकरण–प्रहरी

शैलेन्द्र महतो

*जनकपुरधाम, भाद्र २ गते ।*

महोत्तरीको औरही नगरपालिका-१ मा सिंचाइका लागि जडान गरिएको १०० केभी क्षमताको ट्रान्सफर्मर २७ साउन राति चोरी भयो। यो ट्रान्सफर्मर एक वर्षअघि २८ असार २०८२ मा जडान गरिएको थियो ।

ट्रान्सफर्मर चोरी भएपछि किसानलाई धानखेतमा सिंचाइ गर्न समस्या भएको छ । सिंचाइको भरपर्दो विकल्प नभएको अवस्थामा ट्रान्सफर्मर चोरीले खेतीपातीमा ठूलो समस्या भएको किसान विपिन यादवले गुनासो गरे ।

'समयमा पानी पर्दैन । एक वर्षअघि ट्रान्सफर्मर जडान भएपछि केही राहत पुगेको थियो । त्यो पनि चोरी भयो । अब धानमा कसरी सिंचाइ गर्ने ?,' उनको दुःखेसो छ ।

गत ३ साउन राति धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-९ इच्छापुरमा खानेपानीको ट्रान्सफर्मर चोरी भयो । सञ्चालनको तर्खरमा रहेको खानेपानी ट्रान्सफर्मर चोरी हुँदा समस्या भएको वडाध्यक्ष अवधकिशोर यादवले बताए । 'खानेपानी आयोजना सञ्चालनको तयारी थियो । ट्रान्सफर्मर चोरी भएपछि अन्योल भयो,' उनले भने । उनका अनुसार यसअघि पनि वडा नम्बर ८ र ९ को बीचमा रहेको कृषि सिंचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरी भएको थियो । पटकपटक ट्रान्सफर्मर



तस्बिर : एआई

चोरीको घटना भइरहेको र यसबारे प्रहरी प्रशासनलाई पनि जानकारी गराइएको उनको भनाइ छ ।

२६ असारमा धनुषाको मिथिला नगरपालिका-२ नक्टाझिजस्थित खानेपानीको ट्रान्सफर्मर चोरी भयो । नक्टाझिजको साविक ६ नम्बर वडामा रहेको खानेपानी उपभोक्ता समितिको ट्रान्सफर्मर पोलबाट झारेर तेल र क्वाइल चोरी गरी लगे। त्यहाँको ट्रान्सफर्मर पहिलो पटक चोरी भएको होइन । त्यसअघि दुई पटक चोरी भइसकेको छ । चोरी नहोस् भनेर वेल्डिङ गरिएको थियो । तर वेल्डिङ तोडेरै चोरी भयो। चोरी भएपछि स्थानीयहरू खानेपानीबाट चार दिन वञ्चित भए । त्यहाँ अर्को टान्सफर्मर जडान गरेपछि खानेपानी पुनः सुचारु भयो ।

धानबाली लगाएको यो मौसममा पानी नपर्दा किसान खडेरीको सामना गरिरहेका छन् । पानी नपर्दा इनार, बोरिङ, स्यालो ट्युबवेल लगायतबाट किसानहरू विद्युतीय मोटरको प्रयोग गरी सिंचाइ गरिरहेका छन्। तर सिंचाइका लागि जडान गरिएका ट्रान्सफर्मर चोरी हुन थालेपछि किसान चिन्तित भएका छन् ।

त्यति मात्र होइन, पानीको सतह घट्दै गएपछि आम सर्वसाधारण विद्युतीय मोटर तथा खानेपानी आयोजनाबाट पानी उपभोग गरिरहेका छन् । तर खानेपानी आयोजनामा जडान भएका ट्रान्सफर्मरलाई पनि चोरले लक्षित गरेका छन् ।

ट्रान्सफर्मर चोरीको घटना मधेशमा क्रमिक रूपमा बढ्दै गएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८२/०८३ मा ३३ वटा ट्रान्सफर्मर चोरी भएका छन् ।

सबैभन्दा बढी महोत्तरीमा ११ वटा ट्रान्सफर्मर चोरी भएका छन् । सप्तरीमा ७ वटा, धनुषा र बारामा ४-४ वटा, सर्लाहीमा ३ वटा, सिरहामा २ र रौतहटमा एउटा ट्रान्सफर्मर चोरी भएको प्रदेश प्रहरी कार्यालयका सहायक प्रवक्ता एसपी भेषराज रिजालले जानकारी दिए ।

रिजालले उपलब्ध गराएको तथ्यांकअनुसार पछिल्ला पाँच वर्षको तथ्यांकले पनि वर्षेनी ट्रान्सफर्मर चोरीको घटना बढ्दै गएको देखाउँछ । आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म मधेश प्रदेशमा १०१ वटा ट्रान्सफर्मर चोरी भएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा २१ वटा ट्रान्सफर्मर चोरी भएका थिए। त्यस्तै, आव २०८०/८१ मा १२ वटा र २०७९/८० मा ७ वटा ट्रान्सफर्मर चोरी भएका थिए । आव २०७८/७९ मा भने २८ वटा ट्रान्सफर्मर चोरी भएका थिए । त्यस आर्थिक वर्षदेखि क्रमिक रूपमा घटेको चोरीको घटना पछिल्ला आर्थिक वर्षमा पुनः बढ्दै गएको तथ्यांकले देखाउँछ ।

ट्रान्सफर्मर चोरीका कारण विद्युत् आपूर्ति अवरुद्ध हुनुका साथै नयाँ ट्रान्सफर्मर जडान तथा मर्मतमा प्राधिकरणमाथि थप आर्थिक भार पर्ने गरेको छ । खासगरी गाउँभन्दा केही पर चौरमा सिंचाइ प्रयोजनका लागि जडान गरिएका तथा खानेपानी योजनाका ट्रान्सफर्मर चोरको निशानामा छन् । चोरीको घटना बढ्दै गएपछि विद्युत् प्राधिकरण र प्रहरी प्रशासनसमेत हैरान छन् । यसको मारमा किसान तथा सर्वसाधारण परेका छन् ।

विद्युत् प्राधिकरण वितरण केन्द्र सखुवा महेन्द्रनगरका प्रमुख मकसुद आलम चोरीका घटना रोक्न पछिल्लो समय ट्रान्सफर्मर जडान गर्दा वेल्डिङ गर्ने गरिएको बताउँछन्। तर वेल्डिङसमेत

*- बाँकी पृष्ठ ३ मा*

## वन उजाडेर अतिक्रमण गर्नेविरुद्ध कडा कारबाही गरिने

राष्ट्रिय समाचार समिति

*महोत्तरी, भाद्र २ गते ।*

वनक्षेत्र उजाडेर अतिक्रमण गर्नेविरुद्ध कडा कारबाही गरिने भएको छ। डिभिजन वन कार्यालय, महोत्तरीले सागरनाथ वन विकास परियोजनाको दुई नम्बर प्लटका रुख काट्ने र रुखको फेदमा विषादी प्रयोग गरी रुख मार्नेविरुद्ध कडा कारबाही गर्न लागेको हो ।

वरिष्ठ वन अधिकृत अजय मिश्रले १९५ वटा टिक जातका रुख र उक्त रुखको जरामा विषादी प्रयोग गरेको अनुसन्धानबाट बुझिन आएकाले वन माफिया खोज्न अनुसन्धान भइरहेको जानकारी दिए ।

*- बाँकी पृष्ठ ३ मा*

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## रेडक्रसको जग्गा खरिदमा अनियमितता, पाँचजना पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, भाद्र २ गते ।*



नेपाल रेडक्रस सोसाइटीको जग्गा खरिद कार्यमा ठगी गरेको आरोपमा ५ जनालाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले पक्राउ गरेको छ । ब्युरोले भक्तपुर मध्यपुर थिमि-३, निकोसराका ५२ वर्षीय राजेश देशमरु, नुवाकोट समुन्द्रटार-६ घर भई काठमाडौँ-२६ बस्ने ५७ वर्षीय उमेशप्रसाद ढकाल, चाँगुनारायण नगरपालिका-५ का ५८ वर्षीय मदनकृष्ण फोजु, उदयपुर कटारी-३ घर भई हाल मध्यपुरथिमी-१ बस्ने सञ्जीव थापा र काठमाडौं बालाजु बस्ने ६७ वर्षीय इन्द्रबहादुर केसीलाई पक्राउ गरेको हो । २०७३ भदौ २२ गते रेडक्रस सोसाइटीको गोदामघर सञ्चालनका लागि भक्तपुरमा जग्गा खरिदका लागि बोलपत्र आह्वान गरिएको थियो । सो बोलपत्रमा भएको सर्तविपरीत बिचौलियामार्फत् खरिद गरेको र जग्गा पनि कम भएको पाइएपछि छानबिन समिति बनेको थियो । छानबिन प्रतिवेदन महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले प्रहरीमा पठाएको थियो । सोही प्रतिवेदनका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा तत्कालीन पदाधिकारी, कर्मचारीहरू र बिचौलिया छन् ।

प्रतिवेदनअनुसार जग्गा खरिदका लागि ६ करोड ३२ लाख ८१ हजार २५० भुक्तानी गरेकोमा सो रकममध्ये १ करोड ९३ लाख ७५० रुपैयाँ बिचौलियाले खाएको र जग्गा पनि कम देखिएको छ । बोलपत्र जग्गाको क्षेत्रफल ५ रोपनी १३ आना ३ दामका लागि भए पनि फिल्डमा ५ रोपनी ६ आना २ दाम १ पैसा मात्रै भेटिएको थियो । उनीहरूलाई पक्राउ गरेर जिल्ला प्रहरी परिसर भक्तपुर पठाइएको सीआईबीले जनाएको छ ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# कामको नतिजासँग जोडिएको कर्मचारी प्रोत्साहन

सरकारी सेवा प्रभावकारी हुन कर्मचारीको उपस्थिति मात्र होइन, कामप्रतिको समर्पण, जिम्मेवारीबोध र सेवाग्राहीप्रतिको जवाफदेहिता पनि उत्तिकै आवश्यक हुन्छ । यही मान्यतालाई आत्मसात् गर्दै मधेस प्रदेश सरकारले कर्मचारीको कार्यसम्पादनलाई आधार बनाएर प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि लागू गर्नु सकारात्मक र समयसापेक्ष कदम हो । नयाँ व्यवस्थाअनुसार नियमित हाजिरीसँगै वास्तविक कार्यसम्पादनलाई मुख्य आधार मानिएको छ । स्वीकृत दरबन्दीमा कार्यरत स्थायी कर्मचारीले न्यूनतम ९० प्रतिशत मासिक कार्यसम्पादन मूल्याङ्कन प्राप्त गरेमा प्रोत्साहन भत्ता पाउने व्यवस्था गरिएको छ । कामको जिम्मेवारीअनुसार सम्बन्धित कार्यका लागि ५० र वैयक्तिक तथा सार्वजनिक सेवा प्रवाहका लागि ५० अंक छुट्याइनु तथा मासिक रूपमा मुख्य कार्यको प्रगति देखाउनुपर्ने व्यवस्थाले कर्मचारीलाई परिणाममुखी बन्न प्रेरित गर्न सक्छ । साथै, समयपालना, कार्यालक्ष्य प्राप्ति, अभिलेख तथा प्रविधिमैत्री व्यवस्थापन र जिम्मेवारीप्रतिको व्यवहारलाई मूल्याङ्कनको आधार बनाइनु पनि प्रशंसनीय छ ।

यसले लामो समयदेखि जनमानसमा रहेको 'सरकारी काम कहिले जाला घाम' भन्ने बुझाइ परिवर्तन गर्न मद्दत गर्ने अपेक्षा गर्न सकिन्छ । तर कार्यविधि लागू गर्नु मात्र पर्याप्त हुँदैन । मूल्याङ्कन निष्पक्ष, पारदर्शी र वस्तुगत हुनुपर्छ। पहुँच, आग्रह वा व्यक्तिगत सम्बन्धका आधारमा भत्ता वितरण हुने अवस्था सिर्जना भएमा यसको मूल उद्देश्य नै कमजोर हुनेछ । त्यसैले सरकारले यो व्यवस्थालाई कर्मचारीलाई अतिरिक्त सुविधा बाँड्ने माध्यम होइन, सार्वजनिक सेवालाई गुणस्तरीय, छिटोछरितो र उत्तरदायी बनाउने सुशासनको औजारका रूपमा प्रयोग गर्नुपर्छ । कर्मचारीको मनोबल बढाउँदै काममा समर्पित हुने वातावरण र सेवाग्राहीप्रति जवाफदेहिता दुवै सुनिश्चित गर्न सके मात्र यो पहल सार्थक हुनेछ । जनतामा पलाएको आशा र विश्वासमा मधेस सरकार खरो उत्रनैपर्छ ।

## राशिफल

मेष - स्वास्थ्य सबल रहनेछ ।
वृष - राम्रो लाभ मिल्नेछ ।
मिथुन - कामबाट धनलाभ हुनेछ ।
कर्कट - स्रोत पहिल्याउन सकिनेछ ।
सिंह - अनुयायीले राम्रो साथ दिनेछन् ।
कन्या - काम सम्पादन गर्ने मौका छ ।
तुला - काम बनाउन सकिनेछ ।
वृश्चिक - काम सजिलै सम्पादन हुनेछन् ।
धनु - प्रतिद्वन्द्वी परास्त हुनेछन् ।
मकर - आर्थिक लाभ हुनेछ ।
कुम्भ - काम शुभारम्भ गर्ने समय छ ।
मिन - उचित प्रतिफल प्राप्त हुनेछ ।

### सुनसरी-सिरहा घटना रिपोर्ट :

# गोली हान्नेलाई कारबाही सिफारिस

नारायण अधिकारी

*काठमाडौं, भाद्र २ गते ।*

सुनसरी र सिरहामा भएका घटनाको छानबिन गर्न बनेका दुई समितिले आन्दोलनमा बाहिरी घुसपैठ नभएको निष्कर्ष निकालेका छन् ।




दुई घटनाका लागि बनेका दुई छुट्टाछुट्टै समितिले बुझाएको प्रतिवेदनमा बाहिरी घुसपैठ नभएको र नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले चलाएको गोलीबाटै चार युवाको ज्यान गएको निष्कर्ष निकालिएको हो ।

साउन१० मा सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जबाट सुरु भएको विवाद अन्यत्र जिल्लाहरूमा फैलिँदा बाहिरी घुसपैठ भएको हुनसक्ने र सुरक्षाकर्मी बाहेकबाटै गोली चलेको भन्ने किसिमका भ्रमहरू फैलिएका थिए ।

तर, दुवै समितिले प्रतिवेदनमा नेपाली सुरक्षाकर्मीले चलाएको गोलीका कारण चार युवाको मृत्यु भएको निष्कर्ष निकालेको हो । छानबिन समितिका एक सदस्यका अनुसार सुनसरीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट जम्मा २० राउन्ड गोली चलेको पाइएको छ । दुवैले चलाएको गोलीबाट तीन जनाको मृत्यु भएको बताइएको छ ।

कप्तानगञ्जमा सुरुमा सुरक्षाकर्मीको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो । घाइते भई उपचाररत रहेका जयप्रकाश मेहता र रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो । कप्तानगञ्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाशकुमार श्रेष्ठ फिल्डमा खटिएका थिए ।

साउन १० गते राति १० बजे चर्को आवाजमा डिजे बजाएको विषयमा विवाद हुँदा झडप भएको थियो । हिन्दू र मुस्लिमको यो तनावमा घरेलु हतियारसहित आक्रमण सुरु भएको र प्रहरीले बल प्रयोग गरेको बताइएको थियो ।

त्यसपछि प्रहरीले गोली चलाएको थियो । तनाव बढ्दै भएपछि सशस्त्र प्रहरीको टोली पनि पुगेको र सशस्त्रले पनि गोली चलाएको बताइएको छ । दुवैतर्फको गोली लागेर कप्तानगञ्ज घटनामा तीन जनाको मृत्यु भएको थियो ।

त्यसैगरी, सिरहामा पनि प्रहरीले चलाएको गोलीका कारण गणेश यादवको मृत्यु भएको निष्कर्ष समितिले निकालेको छ । सिरहामा घटना भएको ठाउँमा जम्मा ९ राउन्ड गोली चलेको समितिको प्रतिवेदनमा उल्लेख छ । जसमध्ये ७ राउन्ड डमी र २ राउन्ड पेस्तोलबाट गोली चलेको बताइएको छ ।

पेस्तोलबाट चलेको एउटा गोलीबाट गणेश यादवको मृत्यु भएको र अर्को गोलीबाट अर्का व्यक्ति घाइते भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सिरहामा पनि प्रहरी जवानलाई गोली लागेको दाबी गरिएको थियो । तर छानबिन समितिले ती जवानलाई गोली नलागेको बताएको छ ।

'मेडिकल्ली गोली लागेको भन्ने पुष्टि हुँदैन । छर्रासम्म लागेको हुनसक्छ,' एक सदस्यले भने, 'त्यहीअनुसार हामीले प्रतिवेदन बुझाएका छौं ।'

गोलबजारमा प्रहरी इन्स्पेक्टर सुदन केसी भिड नियन्त्रणमा खटिएका थिए । त्यतिबेलै गोली चलेको थियो ।

कप्तानगञ्ज घटनाबारे छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापा नेतृत्वको समितिले छानबिन बनेको थियो । सिरहा घटनाको छानबिन गर्न गृहका अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो । यी दुवै समितिले आजै प्रतिवेदन बुझाएका हुन् ।

प्रतिवेदन अध्ययनपछि कारबाहीमा जाने मन्त्रालयमा सहप्रवक्ता रमा आचार्यले बताइन् । 'समितिले आज प्रतिवेदन बुझाएको छ । अध्ययनपछि कारबाहीमा जान्छ,' आचार्यले भनिन् ।

**गोली चलाउनेलाई कारबाही सिफारिस**

दुवै घटनामा गोली चलाउने सुरक्षा अधिकारीलाई कारबाहीको सिफारिस गरिएको छ । 'दुई फरक घटनामा जसले गोली चलाएको छ, उनीहरूलाई आवश्यक कारबाही गर्नुपर्ने सुझाव दिएका छौं,' समितिका एक सदस्यले भने । कारबाही सिफरिस गरिए पनि कस्तो कारबाही भनेर प्रष्ट रूपमा उल्लेख भने गरिएको छैन । प्रतिवेदनमा आवश्यक कारबाही मात्रै उल्लेख गरिएको छ । प्रतिवेदनमा कसको भूमिका-के भन्नेबारे पनि प्रष्ट रूपमा उल्लेख गरिएको बताइएको छ ।

घटना भएका बेला जिल्ला प्रहरी प्रमुखदेखि स्थानीय फिल्ड कमान्डरसम्मको भूमिका के थियो, सीडीओको भूमिका के थियो भन्नेबारे पनि प्रतिवेदनमा समेटिएको छ ।

**गोली चलाउने बडीवर्न क्यामेरा लगाउनुपर्ने**

यसका साथै समितिले आगामी दिनमा यस्ता घटनाहरू दोहोरिन नदिन सुझाव पनि दिएको छ । सामाजिक, धार्मिक र सुरक्षाको समेत विश्लेषण गरी आगामी दिनमा अपनाउनुपर्ने विषयहरू समेटेर सुझाव दिइएको बताइएको छ ।

जसमा भिड नियन्त्रणमा जाने सुरक्षाकर्मीले गैरघातक हतियार बोक्नुपर्ने, रबरको गोली चलाउनुपर्ने सुझाव दिइएको छ । यसका साथै हतियार बोक्नेले बडीवर्न क्यामेरा लगाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

भिड नियन्त्रणको क्रममा भिडियो तथा फोटो खिच्नुपर्नेसम्मको सुझाव समितिले दिएको छ । विधि विज्ञान प्रयोगशालालाई थप सुदृढीकरण गर्नुपर्ने, भिड नियन्त्रणको तालिमदेखि स्रोतसाधनयुक्त हुनुपर्नेसम्मका सुझावहरू प्रतिवेदनमा दिइएको छ ।

# आर्थिक अनुशासनमा कडाइ गर्दै प्रदेश...

पदावधि समाप्त भएपछि वा सरुवा भएमा सम्बन्धित सामान अनिवार्य रूपमा स्टोर शाखामा बुझाउनुपर्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए ।

सरकारले कर्मचारी तथा पदाधिकारीको अनावश्यक भ्रमण नियन्त्रण गर्न पनि कडा व्यवस्था गरेको छ । प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र महिनाभरिमा अधिकतम १२ दिनभन्दा बढीको भ्रमण भत्ता नदिने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए ।

उनका अनुसार मन्त्रीका स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीसँग भ्रमणमा जाँदा उनीहरुको भ्रमण अवधिसम्मका लागि मात्र भत्ता पाउने स्पष्ट व्यवस्था गरिएको छ । सवारीसाधनको जथाभावी प्रयोगलाई निरुत्साहित गर्न पनि निर्देशिकाले महत्वपूर्ण सुधार गरेको छ ।

यसअघि सवारीसाधन नपाउने कर्मचारीलाई सवारीसाधन उपलब्ध गराउने व्यवस्था खारेज गरी अब कानुनले तोकेका सचिव तथा सो सरहका पदाधिकारीलाई मात्र सवारीसाधन उपलब्ध गराउने व्यवस्था गरिएको छ । तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारीसाधनको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्कलन गरी आवश्यकता र औचित्यका आधारमा अन्य निकायमा हस्तान्तरण गर्ने नीति लिइएको छ ।

अर्थमन्त्री भट्टराईका अनुसार सार्वजनिक स्रोतसाधनको दोहोरो प्रयोग र दुरुपयोग रोक्न सवारीसाधन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ । यसले सरकारी खर्च घटाउनुका साथै उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग पुग्ने सरकारको विश्वास छ ।

विगतमा अनावश्यक रूपमा कार्यक्रम तथा बैठक आयोजना गरी ठूलो रकम खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिएको छ। अब स्वीकृत लागत अनुमान र तोकिएको मापदण्डभित्र रहेर मात्र भैपरी खर्च गर्न पाइने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए । सामान्य कार्यक्रम, गोष्ठी तथा नियमित बैठक होटलमा आयोजना गरी फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै त्यस्ता कार्यक्रम सरकारी कार्यालयमै संचालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

मन्त्री तथा अन्य पदाधिकारी सहभागी हुने कार्यक्रममा दिइने खाना तथा खाजा खर्चमा हुने विविधता हटाउँदै मापदण्डअनुसार एकरूपता कायम गरिएको छ । यसबाट सरकारी कार्यक्रमका नाममा हुने अनावश्यक खर्च कटौती हुने अपेक्षा गरिएको मन्त्री भट्टराईको कथन छ ।

प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यमा बजेट सक्नकै लागि जथाभावी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई जिम्मेवार बनाउँदै स्वीकृत बजेटअनुसार खर्च नगरे जरिवानासहित असुलउपर गर्ने कानुनी प्रबन्ध मिलाइएको जनाएको छ ।

अर्थमन्त्री भट्टराईका अनुसार असारे विकास र गैरजिम्मेवार खर्चको प्रवृत्तिलाई पूर्णरूपमा नियन्त्रण नगरेसम्म वित्तीय सुशासन कायम गर्न कठिन हुने भएकाले यस्तो व्यवस्था लागू गरिएको हो । स्रोत सुनिश्चितता नभएका बहुवर्षीय आयोजनाको घोषणा गर्ने प्रवृत्तिलाई रोक्दै प्रदेश नीति तथा योजना आयोगको प्राथमिकीकरण, मध्यमकालीन खर्च संरचना र वित्तीय स्रोतको सुनिश्चितताका आधारमा मात्र बहुवर्षीय आयोजना अघि बढाउने व्यवस्था कडाइ गरिएको छ ।

मधेस प्रदेश सरकारले पछिल्लो समय बजेटको आकारभन्दा खर्चको गुणस्तर र कार्यान्वयन क्षमतालाई प्राथमिकता दिने नीति अघि सारेको छ । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले अघिल्लो वर्षभन्दा कम आकारको बजेट ल्याउँदै मितव्ययिता, पुँजीगत खर्च र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिएको मन्त्री भट्टराईले बताए ।

**विमालेख हरायो**

घरबाट जलेश्वर जाने क्रममा मिति २०८३/०४/२८ गते लाईफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको निम्न विवरण भएको बिमालेख हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**विमालेख नं :** १७००३२६०८
**विमितको नाम :** अजय कुमार साह
**प्रस्तावक :** सुनिता साह
**ठेगाना :** मटिहानी न.पा.-९, महोत्तरी
**सम्पर्क नं. :** ९८५४०३१०५१

**विमालेख हरायो**

घरबाट जलेश्वर जाने क्रममा मिति २०८३/०४/२८ गते लाईफ ईन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको निम्न विवरण भएको बिमालेख हराएको हुँदा फेला पार्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**विमालेख नं :** २२००३५९६१
**विमितको नाम :** सुनिता साह
**प्रस्तावक :** अजय कुमार साह
**ठेगाना :** मटिहानी न.पा.-९, महोत्तरी
**सम्पर्क नं. :** ९८५४०३१०५१

## वन उजाडेर अतिक्रमण गर्नेविरुद्ध...

अनुसन्धानबाट वन फडाँनी गर्न परिचालन भएकाहरूको पहिचान नजिक पुगेको रेन्जपोस्टका प्रमुख प्रेम उपाध्यायले जानकारी दिए । 'हामीले घटनाको सुक्ष्म अनुसन्धान गरेका छौं, वनका बिरुवा काट्ने र फेदमा विषादी हालेर जरासमेत डढाउनेहरूबारे जानकारी भएको छ,' उपाध्यायले भने, 'हामी प्रतिवेदन लेखन टुङ्ग्याउँदैछौं, यो प्रतिवेदन डिभिजन वन कार्यालय पुग्नासाथ कारबाही सुरु हुन्छ ।'

## कमजोर संयन्त्रसामु हौसिँदै...

काटेर चोरी गर्ने गरेको उनको भनाइ छ ।

'हामीले आफ्नो वितरण केन्द्रभित्र सिंचाइका लागि जडान गरिएका ट्रान्सफर्मर चोरी नहोस् भनेर वेल्डिङ गर्ने गरेका छौं । चोरहरूको टार्गेटमा खानेपानीका ट्रान्सफर्मर छन् । वेल्डिङ कटर, वायरलेसबाट पनि वेल्डिङ काटेर चोरी गर्ने गरेका छन्,' उनले भने ।

आलमका अनुसार यस विषयमा जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा अनुगमन तथा गस्तीबारे पनि कुरा उठाइएको थियो । ट्रान्सफर्मर चोरी गर्ने गिरोह नै सक्रिय रहेकाले प्रहरी प्रशासनले चाहेमा यसको नियन्त्रण गर्न सकिने कुरा आफूले छलफलमा उठाएको उनले बताए ।

चौरमा जडान गरिएका ट्रान्सफर्मर चोरीको उच्च जोखिममा छन् । यस्ता ट्रान्सफर्मर चोरी हुँदा पुनः जडान गर्न समस्या हुने गरेको छ । मधेश प्रदेशका प्रहरी प्रमुख ओमप्रसाद अधिकारी बढ्दै गएको ट्रान्सफर्मर चोरीको घटनाप्रति प्रहरी गम्भीर रहेको बताउँछन् ।

'ट्रान्सफर्मर चोरीका घटनाले प्रहरी पनि हैरान छ । यसबारे विद्युत् प्राधिकरणका प्रतिनिधिहरूसँग पनि छलफल भएको छ,' उनले भने, 'चोरी नियन्त्रण गर्न के-के गर्ने भन्नेबारे पनि विमर्श भएको छ । यसमा जडान गर्ने बेलामै चोरी नहोस् भन्ने आवश्यक सुरक्षाका उपाय अपनाउनु पर्छ ।'

उनको भनाइमा ट्रान्सफर्मर जडान गर्ने बेला वेल्डिङ गर्दा केही हदसम्म चोरीबाट सुरक्षित हुन सक्छ । त्यसपछि ट्रान्सफर्मर जडान भएका क्षेत्रका सर्वसाधारणले पनि चोरी नहोस् भनेर सुरक्षा र निगरानीमा सचेतना अपनाउनु पर्ने उनी बताउँछन् ।

नेपाल प्रहरीको वर्तमान जनशक्ति क्षमता युनिटहरूमा सीमित छ । सीमित जनशक्तिले सबै क्षेत्रको सुरक्षा तथा आवश्यक कार्यसम्पादन गर्नुपर्ने बाध्यता रहेको प्रहरी अधिकारीहरू बताउँछन् ।

विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालय जनकपुर, मुजेलियाका अनुसार मधेश प्रदेशमा करिब ८ हजार ट्रान्सफर्मर जाडान छ । चोरीको घटना बढेपछि कार्यालयले सर्वसाधारणमा नै सुरक्षा तथा निगरानी गर्ने गरी जनचेतना जगाउने र प्रहरी प्रशासनमा आग्रह गर्ने गरिएको छ ।

'चोरीको घटना नियन्त्रण गर्न जहाँ टान्सफर्मर जडान छ, त्यहींका जनतालाई यसको रेखदेख, निगरानी र सुरक्षा दिन, लाइन कटेपछि फोन गरेर जानकारी गराउन आग्रह गरिरहेका छौं,' क्षेत्रीय कार्यालयका प्रमुख शम्भु कुसियैत यादवले भने, 'चोरीको घटनावृद्धि नहोस् भनेर मधेश प्रदेश प्रहरी कार्यालयलाई निगरानीको लागि पत्राचार गरेका छौं । जिल्ला प्रशासन तथा प्रहरी कार्यालयहरूलाई पनि अनुगमन तथा निगरानी र अनुसन्धानको लागि पत्राचार गरिएको छ ।'

उनका अनुसार धनुषा, महोत्तरी र सिरहामा ट्रान्सफर्मर चोरीका तीन वटा मुद्दा पनि दर्ता गरिएको छ । प्राधिकरण एक्लैको निगरानीले ट्रान्सफर्मर सुरक्षित नहुने भएकाले सबैको सहयोग तथा निगरानी आवश्यक रहेको उनको भनाइ छ ।

**पत्रिका मागेर होइन**
**किनेर पढ्ने बानी बसालौं**

# लताको तुलनामा आशालाई माया गर्ने रवि

एजेन्सी

*गौशाला, भाद्र ३ गते ।*



रविशङ्कर शर्मा उर्फ रवि, हिन्दी सिनेमाका संगीतमा सरल लाग्ने धुनहरू भरेर सफल बनेका संगीतकार हुन् ।

यो क्षेत्रमा लाग्नुअगावै हिन्दी भाषामाथि उनको राम्रो पकड थियो । यो खासियात नै सिने जगतमा प्रवेशको कारण पनि थियो । उनी आफ्नो सुरुवाती दिनमा हेमन्त कुमारजस्ता दिग्गज संगीतकारको सहायकका रूपमा यस क्षेत्रमा छिरेका थिए । हेमन्त कुमार उनलाई मायाले पण्डितजी भनेर बोलाउँथे । यसको कारण पनि रविको हिन्दी भाषामा राम्रो पकड हुनु नै थियो ।

बाल्यावस्थादेखि नै संगीतप्रति चासो राख्ने रविले हेमन्त कुमारको सहायकका रूपमा काम गरेका प्रमुख सिनेमाहरू शर्त, नागिन, दुर्गेशनन्दिनी र एक ही रास्ता आदि हुन् ।

रवि त्यस समयका अन्य ठूला संगीतकार भन्दा काम गर्ने शैली र व्यक्तिमा केही फरक थिए । त्यही नै उनको सफलताको कारण भएको पनि धेरैले भन्ने गर्छन् ।

उदाहरणका लागि, उनी सबैसँग आत्मीय सम्बन्ध राख्ने संगीतकार थिए । उनका लागि हरेक गायकगायिकाको उत्तिकै सम्मानजनक स्थान हुन्थ्यो । त्यसैगरी, उनको मुख्य प्राथमिकता सधैं ब्यानर र निर्देशकको चाहनामा हुन्थ्यो । भन्नुको अर्थ निर्देशकले आफ्नो सिनेमाका लागि जस्तो धुन खोज्थे, रवि त्यसलाई पूरा गर्न सक्दो प्रयास गर्थे ।

लामो समयमा रविले हेमन्त कुमारको सहयोगीदेखि उनलाई स्वतन्त्र संगीतकारका रूपमा अवसर दिने निर्देशक देवेन्द्र गोयलसम्म काम गरेका छन् । स्वतन्त्र कलाकार भनेको कुनै पनि संस्थामा प्रत्यक्ष नजोडिइ स्वैच्छिक रूपमा काम गर्ने कलाकार हुन् । गोयलकै सिनेमा वचन (१९५५) बाट उनले स्वतन्त्र संगीतकारका रूपमा आफ्नो करियरको थालनी गरेका थिए ।

त्यसपछि यस यात्रामा एसडी नारङ, रामानन्द सागर, एए नाडियाडवाला, एसएस वासन, एभी मय्यपन, बीआर चोपरा, वासु मेनन, शिवाजी गणेशन तथा गुरुदत्तजस्ता हस्तीहरू थपिँदै गएका थिए । स्वतन्त्र संगीतकारका रूपमा रविले ८० बढी सिनेमामा संगीत भरे । घूँघट (१९६०), घराना (१९६१), गृहस्थी (१९६३), भरोसा (१९६३), खानदान (१९६५), आरत (१९६७), मेहरबान (१९६७), नयी रोशनी (१९६७) केही उदाहरण हुन् । रविको सन्दर्भमा उल्लेख गर्नै पर्ने अर्को तथ्य के हो भने उनले लता मङ्गेशकरको तुलनामा आशा भोसलेका लागि अझ सुन्दर धुनहरू बनाएका थिए । सिधाभन्दा आशालाई बढी उनले माया गर्थे । आशाका गीतहरूका लागि अलि बढी काम गर्थे ।

तर, आशा भोसलेका गीतहरूको सांगीतिक विरासतबारे कुरा गर्दा सधैं ओपी नैयर र आरडी बर्मनको नाम अगाडि आउँछ । यता रविको ठूलो योगदानको चर्चा भने त्यति प्राथमिकताका साथ गरिएको पाइँदैन । लेखक यतीन्द्र मिश्रका अनुसार रविले आशा भोसलेको सांगीतिक विविधता र उचाइको मूल्यांकन गरेर ती धुनहरू बनाएका थिए । ती मध्ये अधिकांश गीतहरू हिट भएका थिए । ती गीतहरू अहिले पनि धेरै गाइन्छ । त्यससँगै रविको संगीतकार व्यक्तित्वको एउटा छुट्टै कोमल र भावुक पक्ष बुझ्न ती गीतहरू सहयोगी हुने मिश्रको भनाइ छ ।

श्रोताका ओठओठमा झुन्डिएका ती चर्चित गीतहरूमा चन्दा मामा दूर के (वचन), तुम संग लागी बालम मोरी अखियाँ (अलबेली), बहार ले के आई करार ले के आई (जवानी की हवा), इस तरह तोड़ा मेरा दिल, पवन मोरे अँगना में धीरे-धीरे आना (शहनाई), सितारों आज तो हम भी तुम्हारे साथ (राखी) केही उदाहरण हुन् । त्यसैगरी तोरा मन दरपन कहलाए, मेरे भैया मेरे चन्दा मेरे अनमोल रतन (काजल), दिल की कहानी रंग लाई है (चौधवीं का चाँद), कौन आया कि निगाहों में चमक जाग उठी, चेहरे पे खुसी छा जाती है, आगे भी जाने न तू (वक्त), शीशे से पी या पैमाने से पी (फूल और पत्थर) आदि पनि हुन् । यो सूची अलि लामै पनि हुन जान्छ । आशा भोसलेसँगै रविको संगीतमा लता मङ्गेशकरले पनि टन्नै गीत गाएकी थिइन् । त्यो सूची पनि निकै लोभलाग्दो छ । ऐ मेरे दिले नादाँ तू गम से न घबराना (टावर हाउस), वो दिल कहाँ से लाऊँ तेरी याद जो भुला दे (भरोसा), लागे न मोरा जिया, मोरी छम-छम बाजे रे पायलिया (घूँघट) आदि हुन् । तर, यी दुई दिदी बहिनीमा संगीतकारका रूपमा रविले आशालाई छानेको उनलाई बुझ्नेहरू बताउँछन् ।

रविको समग्र सिर्जना हेर्दा उनले आधुनिकतालाई अँगाल्दै पूर्ववर्ती परम्पराको मर्मलाई पनि सन्तुलित रूपमा कायम राखेको धेरैले भन्ने गर्छन् ।

उनले परम्परागत शैली र समकालीन नवीनता दुवैलाई उत्तिकै आफ्नो सिर्जनामा महत्त्व दिन्थे । सायद त्यसैले उनका सिनेमा अधिकांश गीतहरूले आफ्नो युगको प्रतिनिधित्व गर्दै ताजगीको अनुभूति दिन्छन् ।

हिन्दी सिने संगीतमा सफलताको शिखर चुमेपछि दक्षिण भारतीय सिने उद्योगमा पनि उनी उत्तिकै जमेका थिए । त्यहाँ उनले बाँम्बे रवि भनेर ख्याति कमाएका थिए ।

## भूमि प्रशासन कार्यालय गौशाला, महोत्तरीबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला महोत्तरी साविक गा.वि.स. फुलकाहा वडा नं. ८ हाल गौशाला.न.पा.-६ बस्ने पुनीत चौधरीको बुहारी झकीलाल चौधरीको श्रीमति कलवा देविले तपसिलमा उल्लेखित जग्गाहरु दोहोरो भएको कित्ता मेरो कायम होस भनी भूमि प्रशासन कार्यालयमा निवेदन पेश गर्नुभएकोले कोही कसैको हकदावी विरोध भए सुचना प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। म्याद भित्र दावी विरोध नआएको अवस्थामा कोही कसैको उजुर बाजुर लाग्ने छैन ।

तपसिल :-

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | महोत्तरी | भेडीयाही फुलकाहा | ३ | ३१२ | ०-२-४ |
| २ | महोत्तरी | भेडीयाही फुलकाहा | ३ | ६१४ | ०-३-१६ |




## भूमि प्रशासन कार्यालय गौशाला, महोत्तरीबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

जिल्ला महोत्तरी साविक गा.वि.स. सुन्दरपुर वडा नं.९ परिवर्तित सोनमा गा.पा. वडा नं.-८ मरनी देवी कोइरीले पकर महतो कोइरीको नाती लक्ष्मण महतो कोइरीको छोरा भोला महतो कोइरीको मिति २०४१-५-४ गतेमा मृत्यु भई सकेको तथा निज मृतकको पत्नी राम सुंदरी देवीको पनि मृत्यु २०३४ सालभन्दा अगाबै भईसकेकोले भोला महतो कोइरीको नाऊमा दर्ता कायम छुट रहेको जग्गाको हकखाने एकमात्र छोरा दर्शन महतो कोइरीको पनि मृत्यु २०४४-२-२७ गतेमा मृत्यु भईसकेको तथा निज मृतकको दुई पत्नी जेठी मरनी देवी कोइरी-१ र कान्छी मुनेश्वरी देवी कोइरी-१ मध्ये कान्छी पत्नी मुनेश्वरी देवीको पनि मृत्यु भईसकेको, निज मृतकको एकमात्र छोरा किसुनदेव महतो कोइरी रहेकोले भोला महतो कोइरीको नाममा सर्वे नापी भएको जग्गा मरनी देवी कोइरी र किसुनदेव महतो कोइरीको नाममा संयुक्त दर्ता नामसारीको लागी हकभोगमा सिफारिश, मुचुल्का लगायतका कागजातहरु पेश भएकोले तपसिलमा उल्लेखित छुट जग्गाहरुमा कोही कसैको हकदावी विरोध भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र दावी विरोध गर्नुहुनको लागी यो सूचना प्रकाशन गरिएको छ । म्याद भित्र दावी विरोध नआएको अवस्थामा कोही कसैको उजुर बाजुर लाग्ने छैन ।

तपसिल :-

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | महोत्तरी | भेडीयाही फुलकाहा | ५ | २२८ | ०-४-११.५ |

# आर्थिक अनुशासनमा कडाइ गर्दै प्रदेश सरकार

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, भाद्र २ गते ।*

मधेस प्रदेश सरकारले प्रदेशको वित्तीय सुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्न सरकारी खर्चमा थप कडाइ गर्ने जनाएको छ । प्रदेश सरकारको अर्थ मन्त्रालयले मातहतका निकायलाई परिपत्र गरी सरकारी कोषको दुरुपयोग रोक्न तथा बजेटलाई नतिजामुखी बनाउन खर्च मापदण्ड कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिएको हो ।




अर्थमन्त्री युवराज भट्टराईका अनुसार प्रदेशको बजेटलाई नतिजामुखी बनाउँदै फजुल खर्च पूर्ण रूपमा रोक्न सरकारले आर्थिक अनुशासनमा कडाइ गरेको हो । प्रदेशको आन्तरिक आय तथा स्रोतको अवस्था विश्लेषण गर्दै खर्च व्यवस्थापनलाई थप व्यवस्थित बनाउन रणनीतिक सुधार कार्यान्वयनमा ल्याइएको जनाउँदै उनले सोहीअनुसार सम्बन्धित निकायलाई परिपत्र गरिएको बताए ।

परिपत्र अनुसार मन्त्री तथा विशिष्ट पदाधिकारीले प्रयोग गरेका सरकारी सामान आफ्नो कार्यकाल सकिएपछि आफैं लैजान पाउने पुरानो अभ्यास अन्त्य गरिएको छ । अब जिन्सी सामान प्रयोग गर्ने पदाधिकारीले अनिवार्य रूपमा सामान बुझाएको भरपाइ वा रसिद लिनुपर्ने र

– बाँकी पृष्ठ २ मा

# ९ फरार प्रतिवादी पक्राउ




**जनकपुरधाम :** धनुषा प्रहरीले विभिन्न मुद्दाका ९ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार मंगलबार कार्यालयबाट खटिएको प्रहरी टोलीले खोजतलासको क्रममा जिल्लाको विभिन्न स्थानमा लुकेर रहेको अवस्थामा फरार प्रतिवादीहरूलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता एवं डिएसपी मधुसुधन न्यौपानेका अनुसार जिल्ला अदालत धनुषाबाट कैद तथा जरिवाना सजाय तोकिएकोमा बारदात पश्चात फरार लागु औषध मुद्दाका २ जना, कुटपिट मुद्दाका ३ जना, जालसाजी मुद्दाका २ जना, सवारी ज्यानका १ जना र विना इजाजत वन पैदावार ओसारपसारका १ जना गरी ९ जना पक्राउ परेका हुन् । पक्राउ परेका सबै फरार प्रतिवादीहरूलाई आवश्यक कारबाहीको लागि जिल्ला अदालत धनुषा चलान गरिएको जनाएको छ ।

# बिपी राजमार्ग चौडा पार्न डिपिआर तयार

**राष्ट्रिय समाचार समिति**

*काभ्रेपलान्चोक, भाद्र २ गते ।*

बिपी राजमार्गको प्रवेशबिन्दु काभ्रेपलाञ्चोकको धुलिखेलदेखि नमोबुद्धको दाप्चा पुलसम्मको सडक चौडा पारिने भएको छ । योजनाअनुसार उक्त सडकखण्डमा १० मिटर बराबरको मुख्य कालोपत्रे भाग बनाइने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । हाल मुख्य कालोपत्रे भएको सडकको चौडाइ औसतमा पाँच दशमलव पाँच मिटर छ । चौडा पारिने सडकको लम्बाइ करिब २० किलोमिटर रहेको कार्यालयले जनाएको छ ।



सडक चौडा पार्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने काम भइरहेको छ । डिपिआरअनुसार सडक विस्तारमा तीन अर्ब ७९ करोड ७८ लाख खर्च हुने अनुमान गरिएको छ । सडक कालोपत्रे गर्न प्रतिकिलोमिटर १८ करोड पाँच लाख खर्च हुने अनुमान गरिएको कार्यालयले जनाएको छ । सडकको दायाँबायाँ १५ मिटरसम्म बनेका संरचना तथा जग्गाको मुआब्जा वितरण भइसकेको योगेशले बताए । विस्तार गरिने सडक खण्ड धुलिखेल, पाँचखाल, पनौती र नमोबुद्ध नगरपालिकामा पर्छ ।

वि.सं. २०८१ असोजमा आएको बाढीपहिरोले बिपी राजमार्गअन्तर्गत भकुन्डेबेंसीदेखि नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । रोशी खोलामा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गर्दै आएकामा हाल क्षतिग्रस्त क्षेत्रमा स्थायी पुनर्निर्माणको काम भइरहेको कार्यालयले जनाएको छ । क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलान्चोकतर्फ तीन र सिन्धुलीतर्फ एक गरी चार प्याकेज बनाएर ठेक्का सम्झौता भई काम अघि बढाइएको छ । काभ्रेपलान्चोकतर्फका तीन सडकखण्डका लागि सात अर्ब ५० करोड र सिन्धुलीतर्फको एक सडकखण्डका लागि एक अर्ब बराबरको स्रोत सुनिश्चित गरिएको कार्यालयले जनाएको छ । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ देखि बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास) निर्माण सुरु गरिएको थियो । एक सय ६० किलोमिटर लामो उक्त राजमार्ग निर्माण सम्पन्न भएपछि वि.सं. २०७२ असार १८ गते जापान सरकारले नेपाल सरकारलाई औपचारिक रूपमा हस्तान्तरण गरेको थियो ।

# कर अधिकृत र चार्टर्ड एकाउन्टेन्टविरुद्ध मुद्दा दायर

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र २ गते ।*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाँच लाख रुपैयाँ घुस लिएको आरोपमा कर अधिकृत र चार्टर्ड एकाउन्टेन्टविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आन्तरिक राजस्व कार्यालय लहान, सिरहाका कर अधिकृत युवराज एम.एस.पाल र चार्टर्ड एकाउन्टेन्ट राम रिझन यादवविरुद्ध मंगलबार भ्रष्टाचार मुद्दा दायर भएको हो । आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर लेखापरीक्षणका लागि पेस गरिएका कागजात नमिलेको नाममा पाँच लाख रुपैयाँ घुस रकम लिएको दाबी आयोगको छ । सेवाग्राहीबाट पाँच लाख रुपैयाँ लिइसकेको अवस्थामा आयोगले नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो ।

अनुसन्धानका क्रममा कर अधिकृत पालले लेखापरीक्षण तथा कर निर्धारण गरी कर फछ्र्योट गर्ने सिलसिलामा पेस गरिएका बिल-बिजक नमिलेको र नमिलाए काम नहुने भन्दै चार्टर्ड एकाउन्टेन्ट यादवमार्फत रकमको बार्गेनिङ गरी घुस रकम लिएको तथ्य खुल्न आएको दाबी आयोगको छ । कर अधिकृत पाल र चार्टर्ड एकाउन्टेन्ट यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अनुरुप सजायको माग छ ।

चार्टर्ड एकाउन्टेन्ट यादवमाथि काम मिलाइदिने नाममा सेवाग्राहीसँग रकमको बार्गेनिङ गरी सेवाग्राहीलाई घुस दिन दुरुत्साहन गरेको आरोप मुद्दामा लगाइएको छ ।

# ५७ परिवारले पाए लालपुर्जा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, भाद्र २ गते ।*

धनुषाको सबैला नगरपालिका वडा नं. ११ का ५७ परिवार नापी कार्यालय धनुषाले नाप जाँच भएको करिब दश वर्षपछि जग्गाधनी पुर्जा पाएका छन् । आर्थिक वर्ष २०७२/७३ मा साविक मखनाहा गाउँ विकास समिति वडा नं. ६,७,८ र ९ अन्तर्गत पर्ने गाउँ ब्लक (स्वबासी) जग्गाको नापजाँच सम्पन्न भएको थियो । नापजाँच सम्पन्न भए पनि जग्गा दर्ताका लागि आवश्यक जनसहभागिता न्यून हुँदा पुर्जा वितरणको प्रक्रिया लामो समय रोकिएको थियो । विगतमा आयोगबाट नापनक्सा भइसकेको जग्गाको आवश्यक प्रक्रिया पूरा गर्दै ५७ थान जग्गाधनी पुर्जा वितरण गरिएको छ ।

पुर्जा प्राप्त गरेसँगै लामो समयदेखि स्वबासीका रूपमा बसोबास गर्दै आएका ५७ परिवार औपचारिक रूपमा आफ्नो जग्गाको कानुनी स्वामित्व प्राप्त गरेका छन् ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादक: सन्तकुमार क्षेत्री